# स्थानीय राजपत्र

राइनास नगरपालिकाद्वारा प्रकाशित

(खण्डः ४) तिनपिप्ले, लमजुङ मितिः २०८०/०२/०१ (संख्याः १०)


**भाग २**

## साँध सिमानामा रहेको रुख, विरुवा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८०

**प्रस्तावनाः** नगरपालिका क्षेत्र भित्र व्यक्ति, फर्म, सहकारी, समूह, गैर सरकारी संस्था र सरकारी स्वामित्वमा रहेको घर जग्गा वा कुनै सम्पतिलाई असर पर्ने गरी लगाइएको वा आफै हुर्किएको रुख वा विरुवा हटाउने सम्बन्धमा मुलकी देवानी संहिता २०७४ को दफा २८४ को व्यवस्था र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ (१) (झ) मा रहेको अन्य व्यक्तिको घर, जग्गा वा सम्पतिलाई  असर पर्ने गरी रुख विरुवा लगाएको उजुरी उपर विधि सम्मत न्यायिक निरुपण गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ ले प्रदान गरेको अधिकार प्रयोग गरी कार्यापालिकाले साँध सिमानामा रहेको रुख, विरुवा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८० स्वीकृत गरी लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस कार्यविधीको नाम "साँध सिमानामा रहेको रुख, विरुवा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८०"रहेको छ ।

१.२ यो कार्यविधि कार्यापालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रंसगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

क) "कार्यबिधि" भन्नाले साँध सिमानामा रहेको रुख, विरुवा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८० लाई बुझाउनेछ ।

ख) गैर सरकारी संस्था, भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको परोपकारी उद्देश्य भएको गैर नाफामूलक संस्थालाई सम्झनु पर्छ।

ग) "नगरपालिका" भन्नाले राइनास नगरपालिकालाई बुझाउनेछ ।

घ) "प्रमुख" भन्नाले राइनास नगर कार्यपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

ङ) "उप-प्रमुख" भन्नाले राइनास नगर कार्यपालिकाको नगर उप-प्रमुख सम्झनु पर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले राइनास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ) "स्थानीय तह वा सरकार" भन्नाले राइनास नगरपालिका तथा वडाहरु र नगरमा निर्वाचित जनप्रतिनिधिहरु सम्झनु पर्छ ।

ज) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

झ) "सभा" भन्नाले नगरसभा सम्झनु पर्छ ।

ञ) "कार्यपालिका" भन्नाले नेपालको संविधानको धारा २१४ बमोजिम राइनास नगरपालिकाको कार्यकारिणी अधिकार प्रयोग गर्ने कार्यपालिकालाई सम्झनु पर्छ ।

ट) "न्यायिक समिति" भन्नाले नेपालको संविधानको धारा २१७ बमोजिमको न्यायिक समितिलाई वुझाउँछ।

ठ) "रुख वा विरुवा" भन्नाले १ वर्ष भन्दा बढी आयु भएको १ मिटर भन्दा बढी दाँया वायाँ फैलने वा १२ फिट भन्दा बढी उचाई भएको वाँस, कटहर, लिची, आँप, सिमल, खयर, सिसौ, एभोगाडो, साल, सल्ला, टुनी, दवदवे, खनायो, चिउरी, चाँप, पिपल, बर, डुमराई, समी, बडहर, अम्बा, निबुवा, भोगटे, सुन्तला, ज्यामिर, ओखर, नासपती, किवी, कटुस, चिलाउने, कुटमिरो, पाखुरी, पट्के, बकाइनो, टिक, पौलोनिया, हर्रोबर्रो, तिदु, काफल, सल्लो, उत्तीस, फलेतो, गिदरी, गायो, खस्रेतो, पाँचपाते, सिरीस, राते  टिमुर, टाँकी, वनखिर्रो, खिर्रो, मसला रुख, दालचिनी, रिठ्ठा, काप्रो लगायतका वृक्ष सम्झनु पर्दछ । सो शब्दले क्षीतीजीय रुपमा गाँजिएर फैलने विरुवा समेतलाई जनाउँछ ।

ड) "मिसिल" भन्नाले जाहेरीकर्ताले दिएको निवेदन, निवेदनलाई पुस्ट्याई गर्ने कागजात, सो सम्बन्धमा आधिकारिक निकायबाट भएको अध्ययन विश्लेषण प्रतिवेदन लगायतका घटनासँग सम्बन्धित कागजातलाई जनाउँछ ।

ढ) "निकाय" भन्नाले संघीय, प्रदेश र स्थानिय तह वा सो अन्तरगतका निकायमा दर्ता भएका नाफामूलक र सामाजिक परोपकारी गैर नाफामूलक संघ, संस्था, समूह, सहकारी, फर्म आदिलाई बुझाउँछ।

ण) "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अनुसार वा नगरपालिकाले तोके बमोजिम सम्झनु पर्छ।

३. **रुख विरुवा हुर्काउने** : (१) कसैले कुनै व्यक्तिलाई दुःख दिने, अप्ठ्यारो पार्ने मनासायले साँध सिमानाको १ मिटर परसम्म रुख रोप्न वा हुर्काउन हुदैन ।

(२) उपदफा १ मा उल्लेख भएबमोजिम कसैले कुनै रुख वा विरुवा हुर्काएको रहेछ भने नगरपालिकाबाट भएको अनुसूची-१ मा उल्लेखित १५ दिनको सार्वजनिक सुचना बमोजिम साँध सिमानाको रुख हटाउनु पर्नेछ ।

४. **सँधियारलाई अनुरोध गर्न सक्नेः** (१) कुनै व्यक्ति वा निकायको साँध सिमानामा अर्को कुनै व्यक्ति वा निकायले सँधियारको स्थायी संरचना, खेतीपातीमा असर पुग्ने गरी रुख हुर्काएको वा बढाएको पाइएमा उक्त रुख हटाउन संधियारलाई मौखिक एवं लिखित अनुरोध गर्नुपर्ने छ ।

(२) कसैले रुख विरुवा हटाउन लिखित अनुरोध गरेमा सँधियारले उक्त रुख पुरै वा आंशिक रुपमा हटाउनु पर्नेछ।

तर सरकारी वा सार्वजनिक जमिनमा हुर्कीएको रुख हटाउन सम्बन्धित वडा कार्यालय वा नगरपालिकामा निवेदन गर्नुपर्नेछ।

(३) रुख विरुवाको बारेमा असष्ट भएमा न्यायिक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

५. **वडा कार्यालयमा निवेदन गर्न सक्नेः** (१) कुनै व्यक्ति वा निकायको साँध सिमानामा अर्को कुनै व्यक्ति वा निकायले सँधियारको स्थायी संरचना, खेतीपातीमा असर पुग्ने गरी हुर्काएको वा वढाएको रुख हटाउन सँधियारलाई लिखित अनुरोध गरेमा विपक्षी सँधियारले उक्त अनुरोधको पालना नगरेमा रुख विरुवा हटाई दिन वडा कार्यालयमा निवेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता भएको उजुरीको सम्बन्धमा स्थलगत अवलोकन गरी वडास्तरीय मेलमिलाप समितिमार्फत विवादको निरुपण वडा समितिले गर्नुपर्नेछ।

(३) वडा समितिले आवश्यकता अनुसार अमिन वा अन्य प्राविधिक कर्मचारी मार्फत स्थलगत प्रतिवेदन समेत लिन सक्नेछ ।

(४) वडास्तरीय मेलमिलाप समिति मार्फत विवादको निरुपण नभएमा विवादको मिसिल सहितको कागजात संलग्न गरी न्यायिक समितिमा विवाद निरुपणको लागि लेखि पठाउनु पर्नेछ।

६. **न्यायिक समितिमा निवेदन गर्न सक्नेः** (१) दफा (५) बमोजिम कुनै व्यक्ति वा निकायको साँध सिमानामा अर्को कुनै व्यक्ति वा निकायले सँधियारको स्थायी संरचना, खेतीपातीमा असर पुग्ने गरी हुर्काएको वा वढाएको रुख हटाउने विवाद वडास्तरी समितिबाट निरुपण नभई पेश हुन आएमा मेलमिलापको माध्यमबाट विवादको निरुपण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता भएको उजुरीको सम्बन्धमा स्थलगत अवलोकन गरी यथार्थ प्रतिवेदन पेश गर्न अमिन वा अन्य प्राविधिक कर्मचारीलाई न्यायिक समितिले खटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अमिन वा प्राविधिक कर्मचारीलाई स्थलगत प्रतिवेदन पेश गर्न तोकी आएमा उक्त जिम्मेवारी पाउने कर्मचारीले ३ दिन भित्र जनप्रतिनिधि र सँधियारहरु समेतको मुचुल्का सहितको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

७. **विवादको निरुपणः** (१) न्यायिक समितिले प्राविधिक प्रतिवेदनको अध्ययन गरी कसुरको अवस्था वा घटनाको गाम्भिर्यता समेतका आधारमा ७ दिन भित्र विवादको विधिवत निरुपण गर्नु पर्नेछ।

(२) न्यायिक समितिले दुवैपक्षसँग छलफल गरी मेलमिलापको माध्यमबाट रुख विरुवा हटाउने निर्णय गर्नुपर्नेछ ।

तर मेलमिलापको माध्यमबाट विवादको निरुपण नभएमा तथ्य, प्रमाण र पुष्ट्याईको आधारमा प्राविधिक एवं कानुनी विज्ञसँग राय परामर्श लिई रुख विरुवा हटाउने आदेश दिन सक्नेछ।

(३) रुख हटाउने आदेशको पालना गर्नु विवादरत पक्षको कर्तव्य हुनेछ।

८. **सूचना दिनुपर्नेः** (१) दफा ७ बमोजिम आदेश भएमा रुख विरुवा हटाउन ७ दिनको सुचना सँधियारलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सुचना बुझ्न नमानेमा निजको घर आँगन, कटान गर्नु पर्ने विवादित रुखमा सूचना टाँस गरी उपस्थित ३ जनाको सहिछाप गरी मुचुल्का तयार गर्नुपर्नेछ ।

९. **रुख विरुवा हटाउनु पर्नेः** (१) न्यायिक समितिले पिडितलाई आवश्यक सुरक्षा व्यवस्था गरी रुख हटाउन आदेश गर्न सक्नेछ । त्यसका लागि आवश्यक सुरक्षा प्रवन्ध गर्नु नेपाल प्रहरी वा नगर प्रहरीको कर्तव्य हुनेछ ।

तर एकल महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको हकमा नगरपालिका आफैले रुख हटाउनु पर्नेछ ।

(२) दफा ८ बमोजिम तोकिएको समय सीमा भित्र समेत उक्त रुख नहटाएमा नगरपालिका आफैले नगर प्रहरीको सहयोगमा उक्त रुख हटाउन सक्नेछ । उक्त कटान गरिएको रुख समेत जफत गर्न सक्नेछ।

(३) नगर प्रहरी गठन नभएको अवस्थामा स्थानिय प्रहरी प्रशासनबाट उक्त सहयोग लिन सक्नेछ।

१०. **पूर्व स्वीकृती लिनु पर्नेः** (१) दफा (९) बमोजिम पूर्व स्वीकृती लिई हटाउनु पर्ने रुखका प्रजाति भए वन कार्यालय र वन उपभोक्ता समितिबाट समेत स्वीकृती लिनु पर्नेछ।

(२) वन कार्यालयले यकिन गरी कटानी गर्न अनुमति दिएका रुख विरुवाको स्वामित्वको सम्बन्धमा विवाद भएमा नगरपालिकाले अमिन खटाइ यकिन गर्नेछ।

११. **जरिवानाः** (१) दफा ९ बमोजिम नगरपालिकाबाट रुख विरुवा हटाउन पर्ने भएमा रुख विरुवा हटाउन लागेको यथार्थ खर्च वा रु. १०,०००/- मध्ये जुन कम हुन्छ उक्त रकम समेत निजबाट असुल उपर गरिनेछ ।

(२) उक्त रकम दाखिला नगरेमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(३) न्यायिक समितिको निर्णय पालना नगरेमा वडा कार्यालयबाट दिइने सेवा सुविधामा समेत रोक लगाउन आदेश दिन सक्नेछ।

१२. **दुःख दिने नियतले उजुरी दिन नहुनेः** कसैले दुख दिने नियतले उजुरी दिएको ठहरिएमा निजलाई न्यायिक समितिले सचेत गराइ प्राविधिक अध्ययन प्रतिवेदन शुल्क समेत असूल गर्नेछ ।

१३. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ।

१४. **परिमार्जन तथा संसोधनः** कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले परिमार्जन तथा संसोधन गर्न सक्नेछ।

आज्ञाले
गोकर्ण राज सुयल
प्रमुख प्रशासकीय अधिकृत